# प्रेस विज्ञप्ति

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) बाट प्राप्त जानकारी अनुसार पोखराबाट आज बिहान ०९ः५५ बजे १९ जना यात्रु र चालक दलका ३ जना सदस्यसहित उडेको तारा एयरको विमान अन्तिम पटक एयर ट्राफिक कन्ट्रोलसँग १०ः०७ बजे सम्पर्कमा आएको र तत्पश्चात सो विमान सम्पर्कविहीन भएको छ । खोज तथा उद्धारका लागि फिस्टेल एयरको हेलिकप्टर पठाइएको भएपनि प्रतिकूल मौसमका कारण उक्त हेलिकप्टर जोमसोम नै फर्किएको छ । खोज तथा उद्धारका लागि काठमाडौं, पोखरा र जोमसोम विमानस्थलमा हेलिकप्टर स्ट्यान्डबाई अवस्थामा रहेका छन् । स्थलमार्गबाट खोजी तथा उद्धार कार्य गर्नका लागि नेपाली सेना र नेपाल प्रहरीलाई परिचालन गरिएको छ ।

२. उक्त विमानमा चारजना भारतीय नागरिक सवार थिए । उनीहरुका परिवारसँग भारतीय राजदूतावास सम्पर्कमा रहेको छ ।

३. दूतावासको आपतकालीन हटलाइन नम्बर +९७७-९८५११०७०२१ मा सम्पर्क गरेर थप जानकारी प्राप्त गर्न सकिनेछ ।

काठमाडौं

२०७९ जेष्ठ १५